नेपाल सरकार
कृषि, वन तथा वातावरण मन्त्रालय

पो.ब.नं. : ३९८७
सिंहदरबार, काठमाडौं

पत्र संख्या :
चलानी नं. :

प्रेस विज्ञप्ति
मितिः २०८३ कात्तिक ५ गते

## हानिनोक्सानी कोष (Fund for Responding to Loss and Damage-FRLD) बाट नेपाललाई २० मिलियन अमेरिकी डलर सहयोग गर्ने निर्णय

२०८३ साल भदौ १० गते भोटेकोशी र त्रिशुली नदीमा आएको जलवायुजन्य विनाशकारी बाढीबाट ठूलो जनधनको क्षति भएको छ। उक्त विपद्मा परी करिब १,५०० जनाले ज्यान गुमाएको तथा ५,००० भन्दा बढी व्यक्ति अझै बेपत्ता रहेको प्रारम्भिक विवरण छ। त्यसका अतिरिक्त करिब १५००० भन्दा बढी परिवारका करिब ६० हजार भन्दा बढी प्रत्यक्ष प्रभावित भएका छन् | यस विपद् बाट प्रभावित परिवार तथा समुदायलाई तत्काल राहत, पुनर्स्थापना र पुनर्निर्माणका लागि नेपाल सरकारले भरमग्दुर प्रयास गरेको र यस कार्यमा अन्तराष्ट्रिय समुदाय, विकास साझेदार, निजि क्षेत्र, गैर-सरकारी क्षेत्र तथा मेडिया वर्गको उल्लेख्य सहयोग रहेको छ |
यसै सन्दर्भमा, भोटे कोशी-त्रिशुली क्षेत्रका बाढी प्रभावित समुदायलाई द्रुत गतिमा सहयोग गर्नका लागि गत *अगस्त ३१ मा माननीय अर्थमन्त्री डा. स्वर्णिम वाग्ले तथा माननीय कृषि, वन तथा पर्यावरणमन्त्री श्री गीता चौधरीले* हानीनोक्सानी कोषको शासकीय दस्तावेज (Governing Instrument) तथा कोषको उद्देश्य अनुरूप भोटेकोशी-त्रिशुली नदीमा आएको बाढीबाट प्रभावित परिवारलाई शीघ्र सहयोग उपलब्ध गराउन बोर्डसमक्ष विशेष अनुरोध गर्नुभएको थियो। उक्त अनुरोध पत्रलाई लिएर बोर्डले विभिन्न चरणमा छलफल गरेको थियो | हाल नेपालमा गएको जलवायुजन्य विपद्का कारण उत्पन्न मानवीय र आर्थिक क्षतिको गम्भीरतालाई ध्यानमा राख्दै बोर्ड सदस्य तथा वैकल्पिक सदस्य बीच पटक पटक र विभिन्न चरणमा छलफल भए अनुसार आज सन् २०२६ अक्टोबर २२ (२०८३ कात्तिक ५ गते) मा बसेको बोर्डको विशेष बैठकले नेपाललाई २० मिलियन अमेरिकी डलर अनुदान सहयोग उपलब्ध गराउने निर्णय गरेको छ।

**बोर्डको निर्णय प्रक्रियाको पृष्ठभूमिः** भदौ १० गते भोटेकोशी-त्रिशुली नदीमा आएको बाढी तथा पहिरोबाट उत्पन्न जलवायुजन्य प्रभावलाई मध्यनजर गर्दै ३१ अगष्टमा नेपाल सरकारले हानिनोक्सानी कोषको बोर्डसमक्ष सहयोगका लागि अनुरोध गरेको थियो। उक्त अनुरोधलाई सम्बोधन गर्न विकासशील राष्ट्रहरूको प्रतिनिधित्व गर्ने बोर्ड सदस्यहरूबीच पटक-पटक विभिन्न चरणमा अनौपचारिक छलफल भएको थियो। नेपालको अनुरोधका आधारमा विकासशील तथा विकसित राष्ट्रहरूको प्रतिनिधित्व गर्ने बोर्ड सदस्यहरू र विभिन्न क्षेत्रीय वार्ता समूहहरूबीच छलफल तथा समन्वय गरिएको, जस्तो विकाशील राष्ट्रहरुको प्रतिनिधित्व गर्ने अतिकम विकसित राष्ट्रहरूको समूह (Least Developed Countries Group–LDC Group), साना टापु विकासशील राष्ट्रहरूको समूह (Small Island Developing States-SIDS Group),



फोन नं. :- ४२११७०३, ४२११७३७, ४२११५९९, ४२११८६४, फ्याक्स नं. :- ४२११८६८

एसिया—प्रशान्त समूह (Asia-Pacific Group—APG), अफ्रिकी राष्ट्रहरूको समूह (African States), पूर्वी युरोपेली राष्ट्रहरूको समूह (Eastern European States), ल्याटिन अमेरिका तथा क्यारिबियन राष्ट्रहरूको समूह (Latin American and Caribbean States) र पश्चिमी युरोप तथा अन्य राष्ट्रहरूको समूह (Western European and Other States) लगायत रहेका थिए। त्यसै गरी विकसित राष्ट्रहरुको प्रतिनिधित्व गर्ने बोर्ड सदस्य तथा वैकल्पिक सदस्यहरु बीच पनि पटक पटक विभिन्न चरणमा छलफल गरी आजको विशेष बैठक मार्फत नेपाललाई सहयोग गर्ने सहमति भएको थियो ।

यस भन्दा अगाडि बोर्ड सदस्यहरू बीच विभिन्न चरणमा भएका छलफल तथा परामर्शपछि सन् २०२६ सेप्टेम्बर २ तारिखमा आठ जना बोर्ड सदस्यहरू र छ जना वैकल्पिक बोर्ड सदस्यहरूले संयुक्त रुपमा हस्ताक्षर गरी बोर्डको विशेष बैठक (Extraordinary meeting) वस्न सह-अध्यक्षलाई अनुरोध गरेका थिए। त्यसपछि विकासशील तथा विकसित राष्ट्रहरूको प्रतिनिधित्व गर्ने बोर्ड सदस्यहरूबीच निरन्तर छलफल तथा सचिवालयसँग परामर्श पश्चात नेपाललाई सहयोग उपलब्ध गराउने विषयमा साझा धारणा बनाउन सम्भव भएको थियो। विशेष
आज भएको बोर्डको निर्णयअनुसार कोषमा उपलब्ध रकममध्ये २१.६ मिलियन अमेरिकी डलर छुट्टै विनियोजन गरिने छ र हाल प्रचलनमा रहेको Barbodos Implementation Modality (BIM) संयन्त्रको प्रक्रिया भित्र रही नेपाललाई भोटे-कोशी क्षेत्रको बाढीको सम्बोधन गर्ने प्रयोजनका लागि छुट्टै आयोजना प्रस्ताव पेश गर्न राष्ट्रिय सम्पर्क अधिकृत मार्फत अनुरोध गरीने छ। त्यसपछि बोर्डको निर्णय अनुसार सचिवालयले उपलब्ध गराएको कार्यविधि र प्रक्रियामा आधारित रही नेपालले फिल्डमा अति आवश्यक जलवायु कार्यक्रम संचालन गर्नका लागि प्रस्ताव तयार गरी पेश गर्नुपर्ने छ।

नेपाल सरकारको तर्फबाट आभार तथा धन्यवाद: भोटेकोशी-त्रिशुली नदीमा आएको जलवायुजन्य जोखिमबाट उत्पन्न गम्भीर मानवीय, सामाजिक तथा आर्थिक चुनौतीको सामना गरिरहेको वर्तमान अवस्थामा नेपाल सरकारको अनुरोधलाई उच्च महत्त्व दिई हानिनोक्सानी कोषबाट २० मिलियन अमेरिकी डलर अर्थात् करिब तीन अर्ब नेपाली रुपैयाँ बराबरको अनुदान सहयोग उपलब्ध गराउने निर्णय भएकोमा नेपाल सरकार तथा कृषि, वन तथा पर्यावरण मन्त्रालय हानिनोक्सानी कोषको बोर्ड प्रति हार्दिक आभार व्यक्त गर्दछ। नेपाललाई सहयोग उपलब्ध गराउने प्रक्रियामा सुरुदेखि नै सक्रिय भूमिका निर्वाह गर्नुभएका कोषका सह-अध्यक्षहरू क्यामिला मिनर्भा रोड्रिगेज टाभारेज (Camila Minerva Rodriguez Tavarez), डोमिनिकन गणतन्त्र, तथा जर्ज बोर्स्टिङ (Georg Børsting), नर्वेलाई नेपाल सरकार हार्दिक धन्यवाद दिन चाहन्छ। त्यसैगरी, नेपालको अनुरोधलाई उच्च प्राथमिकता दिई निर्णय प्रक्रियामा सहयोग, सहकार्य र समन्वय गर्नुहुने सम्पूर्ण बोर्ड सदस्य तथा वैकल्पिक बोर्ड सदस्यहरूप्रति नेपाल सरकार हार्दिक कृतज्ञता व्यक्त गर्दछ। यसका अतिरिक्त, नेपालको अनुरोधलाई सम्बोधन गर्न बोर्डका सह-अध्यक्षहरू, बोर्ड सदस्यहरू, वैकल्पिक बोर्ड सदस्यहरू तथा सल्लाहकारहरूसँग निरन्तर समन्वय र

सहजीकरण गर्नुभएकोमा हानिनोक्सानी कोषका कार्यकारी निर्देशक श्री इब्राहिमा चेइख डिओङ (Ibrahima Cheikh Diong) र सचिवालयका सम्पूर्ण कर्मचारी प्रति नेपाल सरकार विशेष आभार व्यक्त गर्दछ। साथै बोर्डका सदस्यलाई निरन्तर रुपमा सल्लाह दिएर सहयोग गर्नुहुने बोर्डका सल्लाहकारहरु तथा नेपाललाई माया गर्ने विकास साझेदार संस्थाहरु, नागरिक संस्थाका प्रतिनिधिहरु र यस निर्णयलाई अन्तिम रुप दिन प्रत्यक्ष तथा परोक्षरुपमा सहयोग गर्नुहुने सम्पूर्ण महानुभावप्रति हार्दिक धन्यवाद दिन चाहन्छौं ।

**निर्णय प्रक्रियामा नेपालको समन्वय र सहजीकरण:** नेपाल सरकारको अनुरोधलाई अनवरत सहयोग गरी निर्णय प्रक्रिया अघि बढाउन विकासशील राष्ट्रहरूको प्रतिनिधित्व गर्ने बोर्ड सदस्यहरू तथा विकसित राष्ट्रहरूको प्रतिनिधित्व गर्ने बोर्ड सदस्यहरूबीच पटक-पटक औपचारिक र अनौपचारिक छलफल भएको थियो। यस क्रममा औपचारिक तथा अनौपचारिक अनलाइन बैठकहरू आयोजना गरिनुका साथै सह-अध्यक्षहरू र सचिवालयबीच प्रत्यक्ष बैठक तथा परामर्शसमेत गर्नु भएको थियो। नेपालको अनुरोध पत्रलाई उच्च प्राथमिकताका साथ सम्बोधन गर्न साझा धारणा निर्माण गर्ने उद्देश्यले विभिन्न चरणमा छलफलहरु भएका थिए। छलफलका निष्कर्षका आधारमा बोर्डसमक्ष पेस गरिने निर्णयको मस्यौदा तयार गर्नका लागि छुट्टै समिति समेत गठन गरिएको थियो। यसै क्रममा विकसित र विकाशील राष्ट्रको प्रतिनिधित्त्व गर्ने बोर्डका सदस्यहरु बीच छुट्टाछुट्टै विभिन्न चरणमा छलफल भई बोर्डका दुईवटा अनौपचारिक अनलाइन बैठकसमेत बसेका थिए। नेपालका तर्फबाट भोटेकोशी बाढीको अवस्था, त्यसबाट भएको क्षति तथा सहयोगको आवश्यकताबारे पटक-पटक प्रस्तुतीकरण गर्ने, सम्बन्धित पक्षहरूबीच समन्वय गर्ने र निर्णय प्रक्रियालाई सहजीकरण गर्ने कार्य कृषि, वन तथा पर्यावरण मन्त्रालयका प्रवक्ता एवं कोषका लागि नेपालका राष्ट्रिय सम्पर्क अधिकृत तथा कोषका वैकल्पिक बोर्ड सदस्य डा. महेश्वर ढकालले गर्नुभएको थियो।

**जलवायु न्याय र भविष्यका लागि निर्णयको महत्त्व:** हानिनोक्सानी कोषको यस निर्णयले जलवायु परिवर्तनका कारण अत्यधिक जोखिममा रहेका विकासशील राष्ट्रहरूलाई जलवायुजन्य विपद् बाट भएको क्षति सम्बोधन गर्न सहयोग उपलब्ध गराउने दिशामा यो निर्णयले महत्त्वपूर्ण आधार तयार गरेको छ। विकासशील राष्ट्रहरू तथा नागरिक समाजले लामो समयदेखि उठाउँदै आएको जलवायु न्यायको मुद्दालाई यस निर्णयले एउटा नजिर स्थापना गरेको छ। यसबाट कोष स्थापनाको पुष्टि मात्र गरेको छैन, त्यो भन्दा बढी यस निर्णयले कोषको उद्देश्य प्राप्त गर्नमा जग हाल्न सफल भएको छ | भविष्यमा अप्रत्याशित तथा अकल्पनीय जलवायुजन्य विपद् बाट प्रभावित राष्ट्रहरूलाई सहयोग उपलब्ध गराउने सम्बन्धमा कोष सक्षम छ भन्ने विश्वव्यापी संदेश गएको छ | आशा छ आउदा दिनमा कोषले दीर्घकालीन कार्यविधि निर्माण गरी यस प्रकारका समस्या सम्वोधन गर्न संस्थागत पहल गर्ने छ। अन्त्यमा, नेपाल सरकार

नेपाल सरकार
कृषि, वन तथा पर्यावरण मन्त्रालय

पो.ब.नं. : ३९८७
सिंहदरवार, काठमाडौं

पत्र संख्या :
चलानी नं. :

आगामी दिनमा यस प्रकारका जलवायुजन्य विपद सम्बोधन गर्न विश्व समुदायसँग मिलेर काम गर्ने प्रतिवद्धता र विश्वास दिलाउन चाहन्छ गर्दछ।

**भोटेकोशी बाढीबाट भएको क्षति तथा पुनर्निर्माणको आवश्यकता:** भोटेकोशी बाढीबाट करिब १५ हजार घरधुरीका ६० हजारभन्दा बढी जनसङ्ख्या प्रत्यक्ष प्रभावित भएको प्रारम्भिक विवरण छ। उक्त बाढीमा करिब १,५०० जनाले ज्यान गुमाएको, सयौं व्यक्ति घाइते भएको तथा ५,००० भन्दा बढी व्यक्ति अझै बेपत्ता रहेको विवरण प्राप्त भएको छ। बाढीबाट भएको प्रारम्भिक आर्थिक क्षतिको आकलन करिब २.७ अर्ब अमेरिकी डलर बराबर रहेको छ भने पुनर्निर्माणका लागि करिब ४.७ अर्ब अमेरिकी डलर आवश्यक पर्ने प्रारम्भिक अनुमान गरिएको छ। यसका अतिरिक्त, बाढीबाट भएको गैर-आर्थिक हानिनोक्सानीसमेत उल्लेख्य रहेको अनुमान छ। गैर-आर्थिक हानिनोक्सानीको विस्तृत आकलनका लागि मन्त्रालयले आवश्यक अध्ययन अघि बढाइरहेको छ।

**बोर्डको ११औं वैठक नेपालमा आयोजना हुने:** जलवायु परिवर्तनका कारण विश्वव्यापी रूपमा जलवायुजन्य हानिनोक्सानी दिनप्रतिदिन बढ्दै गएको वर्तमान सन्दर्भमा जलवायुजन्य विपद् बाट प्रभावित तथा जोखिममा रहेका राष्ट्रहरूलाई समयमै सहयोग उपलब्ध गराउन हानिनोक्सानी कोषमा पर्याप्त स्रोत सुनिश्चित गर्नु आवश्यक छ। यसका लागि नेपाल सरकार विकसित तथा आर्थिक रूपमा सम्पन्न राष्ट्रहरूलाई कोषमा पर्याप्त वित्तीय योगदान उपलब्ध गराउन हार्दिक अनुरोध गर्दछ। कोषको स्रोत वृद्धि र प्रभावकारी परिचालनबाट जलवायुजन्य विपद्बाट प्रभावित राष्ट्रहरूलाई आवश्यक सहयोग उपलब्ध गराउन थप सहज हुने विश्वास लिन सकिन्छ। हानिनोक्सानी कोषको बोर्डको ११औं बैठक आगामी सन् २०२७ मार्च १७ देखि १९ सम्म काठमाडौंमा आयोजना हुने भएकाले उक्त बैठक सफलतापूर्वक सम्पन्न गर्न सम्बन्धित सबै पक्षको सहयोग, सहकार्य र समन्वयका लागि मन्त्रालय हार्दिक अनुरोध गर्दछ।

थप जानकारीका लागि:
डा. महेश्वर ढकाल
९८५११४२४०५
सहसचिव एवं प्रमुख, जलवायु परिवर्तन व्यवस्थापन महाशाखा
हानिनोक्सानी कोषका वैकल्पिक बोर्ड सदस्य
कृषि, वन तथा पर्यावरण मन्त्रालय
मितिः २०८३ कात्तिक ५ गते



फोन नं. :- ४२११७०३, ४२११७३७, ४२११५९९, ४२११८६४, फ्याक्स नं. :- ४२११८६८